४१. **ठेक्काको काम परिवर्तन** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८१ मा पट्टा कबुलियतबमोजिम काम शुरु नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोडी सो काम बापत राखेको जमानत पुरै जफत गरी त्यस्तो ठेकेदारलाई कालोसूचीमा राखी सम्बन्धित मन्त्रालय र अन्य स्थानीय निकायलाई जानकारी दिनुपर्ने व्यवस्था छ । कार्यालयले जमुनी शहिद पथमा पुल निर्माण गर्ने ठेक्कामा रु.३० लाख ३९ हजार कबोल गर्ने एक ठेकेदारको ठेक्का स्वीकृत गरी १ वर्षको म्याद दिई कार्यादेश दिएकोमा निजले ९ महिनासम्म काम नै शुरु नगरेको भनी २०६२ माघमा नसिहत दिई सचेत गराएकोमा २०६३ जेष्ठमा उक्त पुल निर्माण कार्य परिवर्तन गरी सोही ठेकेदारलाई ७ कल्भर्ट बनाउने कार्यादेश दिएको छ । नियमानुसार जमानत जफत गरी ठेकेदारलाई कालोसूचीमा राखेको छैन । कामको स्थान र प्रकृति नै परिवर्तन गरेको अवस्थामा रु.३० लाख ३८ हजार संशोधित ठेक्का रकम तोकेको छ । नियमानुसार नयाँ ठेक्काको कार्यविधि अपनाएको देखिएन ।